# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक नं.-

बैठक मिति २०७९/१२/१४

अर्जुनचौपारी गाउँपालिकाका अध्यक्ष श्री प्रकाश तिवारी ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरु तथा कर्मचारीहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको एजेण्डाहरु माथी छलफल गरी निर्णय गरियो ।

तपसिलः

| क्र.स. | पद | नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश तिवारी | | |
| २ | उपाध्यक्ष | श्री सपना गुरुङ | | |
| ३ | सचिव | श्री उज्वल बहादुर बस्नेत | | |
| ४ | सदस्य | श्री रण बहादुर थापा | | |
| ५ | सदस्य | श्री धन बहादुर गुरुङ | | |
| ६ | सदस्य | श्री शोभाकान्त काफ्ले | | |
| ७ | सदस्य | श्री भुवान सिं गुरुङ | | |
| ८ | सदस्य | श्री बद्री प्रसाद पौडेल | | |
| ९ | सदस्य | श्री नारायण प्रसाद ढकाल | | |
| १० | सदस्य | श्री देवि लम्साल | | |
| ११ | सदस्य | श्री विन्दु जि.टी घर्ती | | |
| १२ | सदस्य | श्री प्रेम बहादुर नेपाली | | |
| १३ | सदस्य | श्री ज्योति के.सी ढकाल | | |
| १४ | सदस्य | श्री मिना सुनार | | |
| १५ | सदस्य | श्री राम बहादुर घर्ती | | |
| | | आमन्त्रीत | | |
| १६ | श्री सुदर्शन रेग्मी | लेखा अधिकृत | | |
| १७ | श्री कमल भण्डारी | क.अ. | | |
| १८ | श्री विष्णु सुवेदी | सूचना प्रविधि अधिकृत | | |
| १९ | श्री लोक कुमारी काफ्ले | स.क.अ. | | |

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक नं.

बैठक मिति २०७९/१२/१४

**एजेण्डाहरुः**

१. सार्वजनिक जग्गामा बनेका संरचना खालि गर्ने सम्बन्धमा ।
२. संघ प्रदेश तथा स्थानीय तहका योजनाहरुको कार्य प्रगति सम्बन्धमा ।
३. प्रदेश समपुरक तथा विशेष अनुदान योजना माग सम्बन्धमा ।
४. गाउँ प्रहरी सम्बन्धमा ।
५. आँखाको उपचार सेवा संचालन गर्ने सम्बन्धमा ।
६. विपद् जोखिम पूर्व तयारी सम्बन्धमा ।
७. व्यवसाय दर्ता एवं नवीकरण सम्बन्धमा ।
८. विविध

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा सार्वजनिक जग्गामा अनाधिकृत रुपमा घर टहरा निर्माण भई सडक स्तरोन्नती तथा बजार क्षेत्र व्यवस्थापन गर्न अवरोध भएको हुँदा त्यसरी मापदण्ड विपरित निर्माण भएका घर टहरा हटाउने सम्बन्धि ३५ दिने सूचना प्रकाशन गर्ने सर्वसहमत निर्णय गरियो । साथै सो अवधि भित्र सो अनाधिकृत रुपमा घर टहरा नहटाईएमा पालिकाले हटाई सम्बन्धित व्यक्ति/संस्थाबाट हटाउदा लागेको खर्च अशुल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र संघ प्रदेश तथा स्थानीय बाट विनियोजन भएका योजनाहरु संचालन भई कार्यान्वयनमा रहेका हुँदा उक्त योजनाहरु यथाशिघ्र सम्पन्न गर्ने सर्वसहमत निर्णय गरियो ।

Prakash

CamScanner

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक नं.

बैठक मिति २०७९/१२/१६

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक मामिला मन्त्रालय गण्डकी प्रदेश पोखराको च.नं. ५०२ मिति २०७९/१२/०१ गतेको पत्र अनुसार आ.व. ०८०/०८१ का लागि प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना बमोजिम तपसिल बमोजिमका योजना छनौट गरी पठाउने सर्वसहमत निर्णय गरियो ।

**तपसिल**

| समपुरक अनुदान प्रदेश तर्फ | | |
|---|---|---|
| क्र.स. | आयोजनाको नाम | बजेट प्रदेश सरकारबाट |
| १ | अर्जुनचौपारी-सिमलचौर-गुसुरबारी हुँदै दरौं सडक स्तरोन्नती | १ करोड |
| २ | अर्जुनचौपारी देखि वडा नं. २ लामडाँडा सम्मको सडक स्तरोन्नती | १ करोड |
| ३ | दरौंखोला नदि नियन्त्रण तथा तट्बन्ध निर्माण | १ करोड |
| **विशेष अनुदान प्रदेश तर्फ** | | |
| क्र.स. | आयोजनाको नाम | बजेट प्रदेश सरकारबाट |
| १ | दरौंखोला बजार बृहत खानेपानी योजना | ८० लाख |
| २ | नवग्रह पर्यटन पूर्वाधार निर्माण अर्जुनचौपारी | १ करोड |
| ३ | दलित न्यून आय भएका परिवारका विधार्थीको शैक्षिक सुधार कार्यक्रम | ५० लाख |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रशासकीय भवन सुरक्षा, सार्वजनिक जग्गाको संरक्षण, विपद् व्यवस्थापन सम्वन्धी खोज, उद्धार, राहत तथा अर्जुनचौपारी बजार भित्र शान्ति सुरक्षा कायम गर्न अर्जुनचौपारी प्रहरीचौकीमा रहेको जनशक्तिले मात्र सम्भव नरहेको हुँदा गाउँ प्रहरीको महशुस गरी गाउँ प्रहरी व्यवस्थापन तथा संचालन सम्वन्धी कार्यविधि अनुसार आवश्यक गाउँ प्रहरी भर्ना गर्ने सर्वसहमत निर्णय गरियो ।

Prakash

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक मिति २०७९/१२/१४

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रका आँखा रोगीहरुको उपचारको लागि हप्तामा १ दिन आलोपालो गरी प्रत्येक वडामा आँखा रोग विशषेज्ञ पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मनसुन तथा बर्षाबाट हुन सक्ने विपद्लाई मध्यनजन गर्दै अर्जुनचौपारी गाउँपालिका भित्र विपद् व्यवस्थापनको लागि विपद् राहत उद्धार सामाग्री खरिद गरी आवश्यकता अनुसार प्रहरी चौकी तथा गा.पा. कार्यालय, वडा कार्यालयमा राख्ने सर्वसहमत निर्णय गरियो । साथै तत्काल हुन सक्ने जोखिमको बारेमा प्रचारप्रसार गरी सचेत र सजग रहने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र दर्ता नगरी संचालनमा रहेका सम्पूर्ण व्यवसायहरुलाई अनिवार्य रुपमा गाउँपालिका वा सम्वन्धित निकायमा दर्ता/नवीकरण गर्न लगाई संचालनमा ल्याउने सर्वसहमत निर्णय गरियो ।

**निर्णय नं. ८**

क. प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला समन्वय समिति स्याङ्जाको मिति २०७९ असोज ४ गतेको निर्णयानुसार ९ औं राष्ट्रिय खेलकूद प्रतियोगिता संचालनको लागि प्रत्येक गाउँपालिकाले २/२ लाखका दरले आर्थिक सहयोग गर्ने निर्णय भए अनुरुप उक्त खेलकूद संचालनको लागि जिल्ला खेलकूद विकास समिति स्याङ्जालाई रु २ लाख गाउँपालिकास्तरीय खेलकूद विकास समिति शीर्षकबाट आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

ख. प्रस्ताव नं. ८ माथी छलफल गर्दा आ.व. २०८०/८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अर्जुनचौपारी गाउँपालिका भित्र सूचिकृत भएका तपसिल बमोजिमका बेरोजगार व्यक्तिहरुको प्राथमिकीकरण सूचि स्वीकृत गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| सि.नं. | वडा नं. | बेरोजगारको आवेदन | कैफियत |
|---|---|---|---|
| १ | अर्जुनचौपारी गा.पा. १ | १८८ | |
| २ | अर्जुनचौपारी गा.पा. २ | १८६ | |
| ३ | अर्जुनचौपारी गा.पा. ३ | २४० | |
| ४ | अर्जुनचौपारी गा.पा. ४ | ६५ | |

CamScanner

# अर्जुनचौपारी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठक

बैठक नं.

बैठक मिति २०७९/१२/१४

| | | | |
|---|---|---|---|
| ५ | अर्जुनचौपारी गा.पा. ५ | ८० | |
| ६ | अर्जुनचौपारी गा.पा. ६ | १२३ | |
| | जम्मा | ८८२ | |

ग. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्र रहेका दर्ता भएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीहरुका लागि आवास निर्माण प्रयोजनको लागि अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित कि.नं. ६०४ को सार्वजनिक जग्गा उपलब्ध गराउने सर्वसहमत निर्णय गरियो ।

घ. प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल क्षयरोग निवारण संस्थाको ४३ औं केन्द्रिय अधिवेशनको लागि नेपाल क्षयरोग निवारण संस्था स्याङ्जालाई रु २० हजार आर्थिक सहायोग गर्ने सर्वसहमत निर्णय गरियो ।

ङ. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी शेर बहादुर घर्तीको हाते ट्याक्टर दुर्घटनामा पोखरामा उपचार गर्नु भएको हुँदा थप उपचारको लागि रु १० हजार आर्थिक सहयोग गर्ने सर्वसहत निर्णय गरियो ।

च. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ निवासी तेज कुमारी सापकोटाको घासँ काट्ने क्रममा हाताको पाखुरा काटेको हुँदा निजको उपचारको लागि रु १० हजार आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

छ. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको स्थानीय रोजगार कार्यविधि, २०७९ पारित गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

ज. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि, २०७९ परित गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

झ. प्रस्ताव नं. ८ माथि छलफल गर्दा चैते दशैको अवसरमा कालिका युवा क्लब अर्जुनचौपारी गाउँपालिका वडा नं. ४ ले आयोजना गरेको वडा स्तरीय भलिवल प्रतियोगिताको लागि प्रथम पुरस्कार रु ७१ हजार आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

# अर्जुनचौपारी गाउँपालिका

गाउँ कार्यपालिकाको बैठक

बैठक नं.-

बैठक मिति २०७९/१२/१४

ञ. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका वडा नं. १ स्थित पञ्चकन्या मन्दिरमा रामनवमी चैते दशै पूजा व्यवस्थापनको लागि रु १० हजार आर्थिक सहयोग गर्ने सर्वसहमत निर्णय गरियो ।

ट. प्रस्ताव नं. ८ माथि छलफल गर्दा अर्जुनचौपारी गाउँपालिका भित्रसम्पूर्ण करार पदमा कार्यरत कर्मचारीको ६/६ महिनामा कार्य सम्पादनको आधारमा म्याद थप गर्ने प्रवधान भएता पनि अर्जुनचौपारी गाउँपालिकामा कार्यरत शिक्षकको हकमा त्यस्तो व्यवस्था नगरेको पाईएको हुँदा कार्यरत कर्मचारी तथा शिक्षकहरुमा एकरुपता ल्याउनको लागि कार्य सम्पादनको आधारमा शिक्षकहरुको पनि ६/६ महिनामा करार म्याद थप गर्नुपर्ने व्यवस्था गर्ने सर्वसहमत निर्णय गरियो ।